

बाल सन्दर्भ सामग्री – ८

# मकैको रोटी



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# मकैको रोटी



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

सामग्री सङ्कलन
इन्दिरा चालिसे, रत्नमान शाक्य, जयप्रसाद लम्साल
योगराज भट्टराई, लक्ष्मीभक्त बासुकला

चित्राङ्कन कर्ता
अशोक भडेल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।


प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ **पाठ्यक्रम विकास केन्द्र**

# कथाक्रम



| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | मकैको रोटी | ५ |
| २. | जिब्रो काटिएको भँगेरो | १५ |
| ३. | सिंह राजा | २७ |

# मकैको रोटी



एउटा पुरानो घरमा कुखुराको भाले बस्थ्यो । त्यही घरको भुइँतलामा मुसाको दुलो पनि थियो । त्यहाँ चुस्के र छुस्के नाम गरेका दुई ओटा मुसा थिए । ती मुसा र कुखुराका भाले मिलेर बस्थे । चुस्के र छुस्के कुखुराको भालेलाई काल्दाइ भन्ने गर्थे ।


काल्दाइ मिहिनेती थियो र जाँगरिलो पनि थियो तर मुसाहरू भने अल्छी थिए । उनीहरू मिठो खान मात्रै खोज्थे । काम गर्न भनेपछि सारै गारो मान्थे । उनीहरूको यस्तो बानी काल्दाइलाई मन पर्दैनथ्यो ।



एक दिन काल्दाइले आँगनमा एक घोगो मकै भेट्यो । ऊ त्यो मकै लिएर मुसाहरूकहाँ पुग्यो । उसले बाहिरबाटै मुसाहरूलाई बोलाउँदै भन्यो, “ए चुस्के, छुस्के मैले के ल्याएको छु, हेर्न आओ त ।”


काल्दाइको स्वर सुन्नेबित्तिकै मुसाहरू काल्दाइले के के न ल्यायो भन्दै दगुरेर दुलाबाहिर आए । उनीहरूले सोधे, “के ल्यायौ काल्दाइ ? खानेकुरै पो हो कि ।”

काल्दाइले पनि मकैको घोगो देखाएर भन्यो, “हेर, मैले मकै ल्याएको छु । अब यसबाट मिठा मिठा परिकार बनाएर खानुपर्छ । तिमीहरू पनि खान्छौ होला, होइन ?”



काल्दाइको कुराले मुसाहरू सारै रमाए । उनीहरूको मुखबाट अहिल्यै र्‍याल चुहिन थाल्यो । चुस्केले कुरा बनाउँदै भन्यो, “काल्दाइ, छुस्के ता भर्खरै पेट दुख्यो भन्थ्यो । ऊ त खाँदैन होला, म धेरै खान्छु है ?”

छुस्केले पनि हत्तपत्त कुरा काट्दै भन्यो, “होइन काल्दाइ ! मलाई त पेट दुखेकै छैन् बरु चुस्के पो ज्वरो आयो भनेर अघि सुतिरहेको थियो, ऊ धेरै खाँदैन । म त त्यो सिङ्गै घोगो पाए पनि अहिले एकैछिनमा खाइदिन्छु ।”



“होइन, तिमीहरू त झगडा पो गर्न थाल्यौ । पहिले मिठो परिकार त बनाऊँ, अनि म तिमीहरूलाई बाँडिदिइहाल्छु नि ।” काल्दाइले भन्यो । उसले फेरि भन्यो, “पहिले मकैलाई घोगाबाट छोडाउनुपर्‍यो, अब छोडाउने त, हँ ?”

चुस्के “म त सक्दिनँ” भन्दै एकातिर नाच्दै गयो । छुस्केले पनि “मलाई त मकै छोडाउन सारै अल्छी लाग्छ” भन्दै दुलाभित्र पस्यो । त्यसपछि काल्दाइ आफैँले त्यो मकै छोडाएर सुकायो ।


भोलिपल्ट काल्दाइले चुस्के र छुस्केलाई डाक्दै भन्यो, “परिकार बनाई खानका लागि मकै घट्टमा लगेर पिँधेर ल्याउनुपर्छ, को पिँध्न जाने त हँ ?”



चुस्केले सुनको नसुने झैँ गर्‍यो । छुस्के पनि "मेरो त खुट्टा दुखेको छ" भन्दै अर्कातिर लाग्यो । यसपछि काल्दाइ आफैँ मकै पिँध्न घट्टतिर लम्क्यो । यता चुस्के र छुस्के "काल्दाइ कहिले आउला र मिठा मिठा परिकार खान पाइएला" भन्दै ढुकेर बस्न थाले ।


एकै छिनपछि काल्दाइ पनि फर्क्यो । चुस्के र छुस्केले आफ्नो दुलाबाटै काल्दाइ आएको देखे र दौडिँदै काल्दाइलाई लिन बाहिरै आइपुगे । काल्दाइले भन्यो, "अब मिठा परिकारहरू बनाउन पिठो मुछ्नुपर्छ, कसले मुछ्ने त ?"

चुस्के जिउ मर्काउँदै हाइ गर्न थाल्यो र भन्यो, "छुस्केले ।" उता छुस्के भने "मेरो त हात दुखेको छ" भन्दै टुसुक्क बस्यो । काल्दाइ आफैँले पिठो मुछ्यो ।



ऊ ताउमा घिउ हालेर रोटी पकाउन थाल्यो। रोटी देखेर चुस्के र छुस्के ज्यादै लोभिइसकेका थिए। उनीहरू "कतिखेर खान पाइएला" भनेर छट्पटिइरहेका थिए। चुस्के त हात लम्काउन दाउ हेरिरहेको थियो। तर काल्दाइले उनीहरूलाई एउटा पनि रोटी छुन दिएको थिएन। चुस्केले मन थाम्नै नसकेकोले मुखै फोरेर भन्यो, "काल्दाइ ! अब खाने होइन ?"

"हो, अब खानुपर्छ।" काल्दाइले भन्यो, "खाइहालौँ न, किन ढिलो गर्ने त ?" छुस्केले मुख मिठ्याउँदै भन्यो। "छुस्केलाई भन्दा मलाई नै धेरै देऊ है काल्दाइ ?" चुस्केले हत्तनपत्त भन्यो। छुस्केलाई पनि असह्य भइसकेको थियो।



त्यसैले हड्बडाउँदै भन्यो, “होइन काल्दाइ, चुस्केलाई भन्दा त मलाई नै धेरै चाहिन्छ । ऊभन्दा म ठुलो होइन र ?”


काल्दाइले पखेटा फट्फटाउँदै भन्यो, “अब खान त खाने नै हो तर भान्छेले पहिले खानुपर्छ ।” काल्दाइले एउटा रोटी खाँदै सोध्यो, “ए चुस्के, छुस्के ! भन त, मकैको घोगाबाट मकै कसले छोडायो ?”


मुसाहरूले आश्चर्य मान्दै जवाफ दिए, “हाम्रै काल्दाइले ।” काल्दाइले अर्को पनि रोटी खाँदै भन्यो, “अनि मकै कसले सुकायो ? र ती मकै कसले पिँधेर ल्यायो त ?”

अँध्यारो मुख लगाएर मुसाहरूले भने, "तिमीले पिँधेर ल्याएको त हो नि ।" फेरि काल्दाइले अर्को ठुलो रोटी टोक्दै भन्यो, "पिठो कसले मुछ्यो त ?"

मुसाहरूले निलोकालो अनुहार लगाउँदै एकै स्वरमा भने, "तिमीले नै ।"


काल्दाइले ढ्याउ गरेर डकार्दै भन्यो, "रोटी कसले पकायो ?" मुसाहरूले थुक घुटुक्क निल्दै रुन्चे स्वरमा भने, "काल्दाइले नै त हो नि ।"





"उसो भए सबै काम म गर्ने, खान चाहिँ तिमीहरू अगाडि सर्ने ? छैन तिमीहरूलाई रोटीसोटी ।" काल्दाइले कड्किएर भन्यो ।


अब भने मुसाहरू डाँको छोडेरै रुन थाले । उनीहरूले काल्दाइसँग माफी माग्दै भने, "काल्दाइ, अबदेखि हामी पनि काम गर्छौं । यसपटक हामीलाई माफी दिनुहोस् र छिटो रोटी चाहिँ खान दिनुहोस् न ।"



चुस्के र छुस्केको यो अवस्थालाई देखेर काल्दाइलाई माया लाग्यो। उसले चुस्के र छुस्केलाई एकएक ओटा रोटी दिँदै भन्यो, “भोलिदेखि साँच्चै काम गर्छौ, हैन त ? काम नगरे खान पाइँदैन भन्ने कुरा राम्ररी बुझ्यौ के त ?”

दुवै चुस्के र छुस्के मुसाहरूले काल्दाइको अनुहारतिर पुलुक्क हेर्दै एकै स्वरमा भने, “बुझ्यौँ काल्दाइ ! हामीले बाँच्नुपर्छ भने खानैपर्छ, खानका लागि काम गर्नैपर्छ। गर्छौं काल्दाइ ! हामी काम गर्छौं।”

# जिब्रो काटिएको भँगेरो



धेरै वर्ष पहिले पहाडको एउटा घरमा दुई बुढाबुढी बस्थे । उनीहरूका सन्तान थिएनन् । बुढी ज्यादै ईर्ष्यालु र रिसाही भएकीले बिचरा बुढाको जीवनमा सुख कहिल्यै आएको थिएन । आफ्नो पतिलाई गाली गरेको अलि अलि होइन, कति हो कति ! बिचरा बुढाको निम्ति यो संसारमा साथी भन्नु घरमा पालेको एउटा भँगेरोबाहेक कोही थिएन । बुढी भने त्यसलाई पनि गाली नै गर्थी, देख्नै सक्दिनथी ।



एक दिन बुढा खेतमा गएको थिए । बुढी लुगा धोइरहेकी थिई । धेरै लुगा एकैचोटि धुने कामले बुढीलाई रिसको पारो चढिसकेको थियो । धोइसकेपछि माडमा डुबाएर सुकाउनुपर्ने लुगाहरू भएकाले ती लुगा चोपल्न उसले अलिकति माड पकाएर एउटा रातो आरीमा चिस्याउन राखेकी थिइ । एक छिनपछि आएर हेर्दा त आरीको बिटमा बसेर भँगेराले माड खाइरहेको थियो । त्यो देखेर बुढी रिसले चुर भई । उसले त्यो भँगेरालाई च्याप्प समातेर कैँचीले किटिक्क जिब्रो काटिदिई । "अनि तेरो चोर्ने जिब्रो त्यही होइन तँ तुरुन्तै यहाँबाट निस्किहाल् । मेरो घरमा तँलाई बस्न पनि दिन्न, कसैले तँलाई पाल्न खोजे पनि पाल्न दिन्न । आज उप्रान्त तँ कहिल्यै मेरो घरमा नआउनु" भनेर रिसले चिच्याउँदै त्यस भँगेरालाई हुर्र्याइदिई ।



बिचरा रगताम्मे भएको भँगेरो एक दुई फन्का आकाशमा घुमेर रुदैँ रुदैँ जङ्गलतिर उड्यो । यी बुढाबुढीको घरमा कहिल्यै फर्किन्न भन्ने वाचा गऱ्यो । घरमा आएर भँगेरो नदेख्दा बुढो ज्यादै निराश भए । बुढीलाई सोधे तर केही जवाफ पाएनन् । बुढीले उल्टै दारा किटेर रिसाएको अनुहार देखाई । भुइँमा रगत थियो । रगतको नजिकै भँगेराको जिब्रो पनि फालिएको देखेर बुढो रिसले आगो भए । त्यो रातभरि बुढाबुढी बाझाबाझ गरिरहे, तर सारा व्यर्थ भयो किनभने जिब्रो काटिएको भँगेरो कहिल्यै नफर्किने गरी त्यहाँबाट उडिसकेको थियो । बुढेसकालमा छोराछोरी बेगर बस्नु पर्दा बुढालाई पिर परेको थियो । बुढेसकालको साथी मानेको भँगेरो पनि त्यहाँ नआउने गरी अन्तै गएको थियो ।



आफूले माया गरेर पालेको साथी जस्तै मानेको भँगेराको सम्झनाले बुढालाई सताइरहन्थ्यो । यतिकैमा एक दिन कुनै कामले अर्को पहाडमा पुगेको बेलामा बुढालाई पछाडिबाट कसैले नमस्कार भनेको सुन्यो। बुढाले पछाडि फर्केर हेऱ्यो। त्यहाँ त उही पहिलेकै भँगेरो पो रहेछ । तर जिब्रो काटिएपछि भने मान्छेको जस्तै गरी बोल्न सक्ने भएको रहेछ । दुवैले आआफ्नो परम्परा अनुसारको ढोगभेट गरे । बुढो र उसको पुरानो मित्र भँगेरो दुवै जना त्यस दिन खुसीले रमाए । भँगेराले बुढालाई आफ्नो घरतिर लग्यो ।




भँगेराका परिवार एउटा सुन्दर बाँसको घरमा बस्थे। वरिपरि सानो बगैँचा, झरना, रुख आदिले रमणीय देखिन्थ्यो। भँगेरा भँगेरीले पाहुना बुढाको ठुलो आदर सत्कार गरे, मिठा मिठा खाने कुराहरू जुटाएर खान दिए। त्यस्तो स्वादिष्ट खाना र न्यानो सत्कार पाएर बुढो आश्चर्य चकित भए, खुसीले गदगद भए। त्यसमाथि विनम्र हुँदै भँगेरीले भनी, "क्षमा गर्नुहोस् है वृद्ध पाहुना, तपाईँ आउने थाहा नपाएकाले राम्रो तयारी गर्नै सकिएन। नत्र तपाईँको स्वागतको राम्रो प्रबन्ध गर्न सक्ने थियौँ।" यो सुनेर बुढा फुरुङ्गै परे।



भँगेराका परिवारले आग्रह गर्दा उनले एक रात त्यहीं बिताउने निश्चय गरे, तर त्यहाँ हेर्ने र गर्ने कुरा थुप्रै बाँकी भएकाले बुढाले झन्डै हप्ता दिनसम्म त्यहाँबाट बिदा पाएनन् । यति धेरै हार्दिक स्नेह उनले यो जीवनमा कहिल्यै पाएका थिएनन् । बुढालाई आनन्दले स्वर्ग पुगे झैं लाग्यो ।

बुढो मान्छे दिनभरि जस्तो भँगेराकी छोरीसँग चेस खेल्थे। साँझपख मिठो खाना खान्थे। भँगेराकी आमा मधुरो स्वरमा मादल बजाउँथी, नाचौं नाचौं लाग्ने गरी मिठो गीत गाउँथी । अनि बाबु र छोरी घुमी घुमी छमछमी नाच्थे ।



यस प्रकार पाँच दिन बितेपछि बुढो आफ्नो घर फिर्ने भए । भँगेराका परिवारले दुखित हुँदै बिदा दिने बेलामा दुई ओटा बाकस ल्याएर बुढाको अघिल्तिर राख्दै भने, “हे अतिथि, तपाइँ यी दुई बाकसमध्ये जुन मन पराउनु हुन्छ, त्यो रोजेर लिनुहोस् । तपाइँलाई त्यो बिदाइको कोसेली हुने छ ।” बिदाको बेला आफ्नो सामु चिटिक्क परेको एउटा सानो र एउटा ठुलो बाकस राखेर राज्न लगाएको देखी बुढो अत्यन्तै प्रसन्न भयो तर यात्रा गर्दा हल्का बाकस बोक्न सजिलो हुने भएकाले र बुढाको मनमा लोभ पनि नभएकाले गर्दा उनले सानो चाहिं रोजे । अनि बुढा त्यो सानो बाकस लिएर घर फर्के ।



हप्ता दिनपछि फर्केको बुढो घरको दैलाबाट भित्र पस्न पाएकै थिएनन्, उनलाई देखेर एक्लै बसेर खान पल्केकी बुढी कराउन र गाली गर्न लागी । बल्लतल्ल आफ्नो अनौठो यात्रा वर्णन सुनाएर उसले बुढीलाई अलि शान्त पाऱ्यो । अन्त्यमा आफूले भँगेराको परिवारबाट पाएको सानो कोसेली बुढीलाई देखाए । अनि दुवै जना मिलेर हतार हतार त्यसको बिर्को खोले ।



आहा ! कस्तो अचम्मको कुरो ! यो त सुन र चाँदीले, रत्न र मुगाले टम्मै भरिएको रहेछ । त्यसभित्र एउटा टोप पनि थियो । त्यो लगाउने व्यक्ति अदृश्य हुन्थ्यो । अरू कसैले देख्न सक्दैनथ्यो । त्यसभित्र जादु र टुनामुनाका किताब पनि थिए । त्यसको प्रयोग सही रूपले गर्न सकेमा जे चाहियो, त्यही पुग्थ्यो । एउटा थैलीमा पैसा थियो । त्यो पैसा जति खर्च गरे पनि कहिल्यै नसकिने थियो । ती सारा कुराहरू देखेर बुढीको रिस चैँ मऱ्यो तर मनभरि लोभ भरिएर आयो । बुढी ङिच्च गर्दै बोली, "म पनि यस्तै कोसेली लिन भँगेराको घरमा जान्छु ।"

बुढाले उनलाई धेरै रोक्ने प्रयास गरेर भन्यो, "हामीलाई जति भने पनि पुग्ने सम्पत्ति पाएका छौँ, अरू लोभ नगरौँ ।" तर लोभी बुढीले झन् रिसाउँदै लुगा फेरी, छाता ओढी र कोसेली कुम्ल्याएर ल्याउन भँगेराको घरतिर लागी ।




भँगेराको घरमा पुगेर बुढी सकेसम्म असल र विनम्र हुन खोजी । उसलाई देखेर बिचरो भँगेरो त्यति प्रसन्न भएन । मनभरि जिब्रो काटिएर रगताम्मे हुँदै रन्थनिएर उडेको सम्भिफयो तैपनि त्यो बुढीलाई एक कप चिया दिएर स्वागत गऱ्यो । भँगेरी र उसका छोरीहरू भने बुढीका छेउमै परेनन्, किनभने पहिले बुढो आउँदाका बखतमा जस्तै भँगेराले सप्रसङ्ग एकतर्फी चिनारी सुटुक्कै गराइसकेको थियो । त्यसैले उनीहरूले बुढीका मनको लोभ र दुर्भावना बुझिसकेका थिए । चियापान गरेर हिंड्ने बेला भइसक्दा पनि कोसेलीको कुनै सङ्केत नै नदेखिएकाले लोभी बुढीले आफैँ मुख फोरेर भनी, "चिनोका लागि कुनै कोसेली पाउँथे कि ?"



बिचरा भँगेराले कुनै जवाफ दिएन । सुटुक्क ऊ घरभित्र पस्यो र एकै छिनमा बुढालाई दिए जस्तै दुई ओटा बाकसहरू (एउटा सानो र अर्को ठुलो बाकस) लिएर आयो । लोभी बुढीले धेरै सम्पत्ति होला भन्ठानेर ठुलो र गरौं चाहिँ बाकस हत्तपत्त टिपी र आफ्नो घरतिर लागी ।

घरमा पुग्नेबित्तिकै बुढीले बुढालाई भनी, "मैले जस्तै ठुलो र गरौं चाहिँ बाकस ल्याउनु पर्दैनथ्यो ? लौ हेर, तिमीले ल्याएको भन्दा यस बाकसमा दुई गुना बढी सम्पत्ति छ ।" अनि घरक्क पारेर आफूले ल्याएको बाकस उघारी ।



त्यस बाकस भित्र डरलागदा जीवजन्तु पो रहेछन् । तिनले बुढालाई त केही गरेनन् । बुढीलाई दुख दिन थाले । बुढाले अनेक बिन्ती गरेपछि मात्र तिनले बुढीलाई छाडिदिए र आ आफ्नो बाटो लागे ।

सम्पत्तिको धेरै लोभ गर्दा आपतमा परेको कुरा बुढीले बल्ल बुझी । त्यसपछि उनीहरूले दुखमा परेका मानिसलाई सहयोग गर्ने निधो गरे । एक आपसमा मिलेर बस्न थाले । एकले अर्कालाई माया र सहयोग गरे ।

# सिंह राजा



धेरै वर्ष अगाडिको कुरा हो । नेपालको पूर्वी पहाडको एउटा अग्लो पहाडको बिचमा एउटा सानो गाउँ थियो । गाउँको वरिपरि जङ्गल थियो । गाउँको फेदीबाट एउटा खोलो बग्थ्यो । त्यही खोलाबाट गाउँलेहरू पानी ल्याउने गर्थे । त्यो घना जङ्गलभित्र धेरै प्रकारका जङ्गली जनावरहरू बास बस्ने गर्थे । त्यस जङ्गलभित्रको राजकाज चलाउने एउटा सिंह थियो, जो त्यही खोलाको किनारमा भएको एउटा ठुलो रुखको ओडारमा बस्ने गर्थ्यो । उसका साथमा सिंहिनी पनि थिई ।




त्यस जङ्गलभित्र बस्ने बाघ, भालु, चितुवा आदिको सङ्ख्या धेरै नै थियो । त्यसैले गाउँभित्र पसी गाउँलेहरूका गोठभित्रका पशुहरू चोर्थे कहिलेकाहीं मान्छेमाथि समेत हमला गरी गाउँलेहरूलाई सारै दुख दिन लागेका थिए । गाउँलेहरू जति सतर्क भए पनि केही नलाग्ने अवस्थामा पुगिसकेका थिए । त्यस बेला त्यस गाउँमा एउटा बुढो मुखिया थियो । उसले विचार गऱ्यो, 'हामीले यसरी जङ्गलले घेरिएको गाउँमा बस्नुपर्छ । यी जङ्गली जनावरहरूसँग दुस्मनी नै गरेर बसेर त काम बन्दैन । बरु सम्झौता गरेर बस्नुपर्ला ।'



यस्तो सोचेर ऊ तल खोलाको किनारमा बस्ने सिंह राजाकहाँ वार्ता गर्न पुग्यो । सिंह राजाकहाँ पुगेर उसले भन्यो, “यस संसारमा तपाईँहरू र हामीलाई पनि बाँच्ने अधिकार बराबरी छ, होइन ? त्यसैले हामीले एकअर्कालाई हानि नपुऱ्याई बस्नुपर्छ । हामी पनि जङ्गलभित्र पसेर जथाभावी सिकार गर्ने छैनौँ । अरू जनावरले पनि मानिसको बस्तीभित्र आएर सिकार गर्न पाउने छैनन् । यस कुराको नियम बनाउनुपऱ्यो ।”

सिंह राजालाई पनि यो कुरा नराम्रो लागेन, राम्रै लाग्यो । यसले गर्दा आफ्ना जङ्गली जनावरको समेत सुरक्षा हुने देखेर उसले भन्यो, “यदि तपाईँहरूबाट यो नियमको कडाइका साथ पालना हुन्छ र तपाईँ वचन दिन सक्नुहुन्छ भने यो कुरा मन्जुर छ ।” मुखियाले भन्यो, “म रहुन्जेल यस नियमको पालना निश्चिय रूपमा हुने छ ।”



सिंह राजाबाट हुकुम भयो, "अब उप्रान्त सिकार खेल्ने र मार्ने विचारले कोही पनि एक अर्काको बस्तीमा जान पाउने छैन।" सिंह राजाको यस्तो शान्तिपूर्ण बुद्धिमानी नीतिको सबैले प्रशंसा गरेर भने, "सिंह राजाको, जय !"

यही तरिकाले दिनहरू धेरै पनि बित्न लागे। उता गाउँमा बुढो मुखियाको मृत्यु भइसकेको थियो। यता सिंह र सिंहिनी पनि धेरै टाढा टाढा जङ्गल डुल्दै जीवन बिताउँदै थिए। यस्तैमा सिंहिनीको पनि मृत्यु भयो। ऊ एक्लो भएकाले अन्त जङ्गल चहारेर हिंड्नुभन्दा आफ्नै जङ्गलमा बस्नु नै ठुलो आनन्द सम्झेर त्यही रुखको ओडारमा फर्कियो तर समयले धेरै कोल्टे फेरिसकेको थियो। दिन महिना गरी एक शताब्दी नै बितिसकेको थियो। बल्ल ऊ पुरानो बासस्थानमा आयो।



सारै नै बुढो भइसकेको हुनाले ऊ कम मात्र हिंड्डुल गर्थ्यो । तर समय बितिसकेपछि मान्छेले आफ्नो वचन बिर्सँदो रहेछ । गाउँमा जनसङ्ख्या बढेको थियो । गाउँलेहरूले काठ, दाउरा खोज्न जङ्गलभित्र जाने मात्रै होइन जङ्गली जनावरलाई समेत दुःख दिन थालेका थिए । यस कुरालाई लिएर केही जनावरहरू बुढो सिंह भएका ठाउँमा सल्लाह माग्न पुगे । मान्छेहरूको सङ्ख्या दिनदिनै बढ्दै गएको साथै गाउँ वरिपरिका थुप्रै जङ्गल पनि फाँडिइसकेको हुनाले जनावरहरूलाई गाउँलेहरूमाथि बदला लेऊ भन्नु सिंह राजाले बुद्धिमानी ठानेन । बरु मान्छेदेखि परपरै बस्नू भन्ने सल्लाह दियो तर यतिले पनि गाउँलेहरूको अतिक्रमण र अन्यायमा केही कमी आएन ।



आखिर जनावरहरू त्यस जङ्गलबाट अन्तै जङ्गलमा बसाइँ सर्न थाले । यसरी सरेको कुरा त्यो खोला किनारको रुखको ओढारमा बस्ने सिंह राजालाई कति मन परेको थिएन । एक दिन एक हुल ब्वाँसाहरूलाई अर्कै जङ्गलतिर जान लागेको देखेर सोध्यो, "भाइहरू ! किन, कहाँ जान लागेको ?"

"हजुर ! हामीहरूको यस जङ्गलमा अब सुरक्षा हुँदैन । यस गाउँका मानिसहरूले झन् झन् जङ्गल फँडानी गर्दै बसोबास बढाउन थालेका छन् । हामीलाई देख्नेबित्तिकै ढुङ्गा हान्ने, तर्साउने आदि गर्छन् । हामीलाई हाम्रा बच्चाहरूको माया लाग्छ । हामी त अन्तै जान्छौँ ।"



बुढो सिंहलाई दिक्क लाग्यो र उसले भन्यो, "तिमीहरूका बाबुबाजेहरू यही जङ्गलमा खेलेर त्यही खोलाको पानी खाएर हुर्केका हुन् । अब तिमीहरूले नै यो जङ्गल छोड्ने हो भने अरू को बस्ला ?"

"हामी त बस्दैनौँ" भन्दै ब्वाँसाको हुल आफ्नो बाटो लाग्यो । बुढो सिंह दिक्क हुँदै तल आफ्नो ओडारमा आएर गुटमुटिएर बस्यो । त्यही बेला उसको मित छोरो पर्ने एउटा बाघ र बघिनी पनि बसाइँ सर्न भनी उसकहाँ बिदा माग्न आए । बुढो सिंहले सकेसम्म नपठाउने विचारले धेरै सम्झायो तर बाघले उसका साथी धेरै मान्छेको फन्दामा परेको देखेको हुँदा मानेन, बिदा भएरै छाड्यो ।



दिनदिनै यसरी आफ्ना परिचित जनावरहरू जङ्गल छोड्दै हिंडेको देखेर बुढो सिंहको मन खिन्न भयो। उसले सोच्यो, “म धेरै वर्षदेखि यही रुखको ओडारमा बस्दै आएको छु। मेरा बाआमाले मलाई यहीँ हुर्काए। म यस रुखको न्यानो ओडार छोडेर अन्त जान्नँ।”

सिंहलाई आफ्नो जङ्गल र आफू बस्ने घरको ठुलो प्रेम थियो। उसले “कतै समस्या समाधान गर्न सकिएला कि ? यस गाउँको मुखिया हिजोआज को होला ? गएर एकपटक भेट्नै पर्ला” भन्ने विचार गऱ्यो।



भोलिपल्ट बिहान बुढो सिंह गाउँतिर उकालो लाग्यो। धरै वर्षपछि ऊ आज त्यो बाटो हिँड्दै थियो। उस बेला बाटामा अरू धेरै जनावरले उसलाई अभिवादन गर्थे, तर आज कुनै प्राणी पनि बाटामा भेटिएन। बाटो पनि एकदम उराठलाग्दो सुनसान थियो। गाउँ पुग्नुभन्दा आधा कोस परैबाट नै उसले मान्छेको हल्लाखल्ला सुन्यो।

जाँदा जाँदा अकस्मात् उसले एक जना मान्छे कराउँदै दगुरेको देख्यो। केही छिनमै त्यहाँ "बाघ ! बाघ ! होइन, होइन, सिंह ! सिंह !" भन्दै कराएको होहल्ला सुनियो। कहाँ कहाँबाट जम्मा भएर मानिसहरू एक हुल नै तयार भइसकेका थिए। कसैका हातमा लट्ठी, कसैका हातमा खुकुरी थियो।

मान्छेको हुलमा एक जना नाइके हुँदै भन्दै थियो, "यस जङ्गलमा सिंह बस्थ्यो भन्ने सुनेको थिएँ, यही त होला नि ! कहाँबाट यसरी आउने हिम्मत गरेछ, होस गर है ?"

सिंहले अगाडि बढ्ने आँट गर्न सकेन। ऊ त्यतैबाट सरासर आफ्नो घर फर्क्यो। गाउँलेहरूको क्रूरता देखेर उसलाई सारै चोट लाग्यो।



त्यही बेला त्यस गाउँका आठ नौ जना सिकारीहरू जम्मा भएर यो सिंहको बास कहाँ रहेछ पत्ता लगाउनैपर्ला भनेर सिंहको पिछा गर्न थाले । सिंह बस्ने गरेको त्यो खोलाछेउको रुखको ओडार पत्ता लगाएर उनीहरू घर फर्के । साँझमा गएर सिंहलाई सिध्याइदिने पनि निश्चय गरे ।

बुढो सिंहराज त्यो दिन थकाइ र मानसिक चोटले ग्रस्त भएर त्यही ओढारभित्र गुटमुटिएर बसिरहेको थियो । आकाश कालो बादलले टम्म ढाकिएको थियो । साँझ पर्नै आँटिसकेको थियो । आकाशमा गड्याङगुडुङको आवाज थियो । जमिनमा दुई चार थोपा पानी झर्न थालेको थियो ।



त्यसै बेला उसले मान्छेको खैलाबैला सुन्यो। दस बार जना मान्छेको बथान, हातमा कसैले बन्चरो, कसैले भाला बोकी उसको ओडार वरिपरि घेरा हालिसकेका थिए। सिंहको जात आखिर सिंह नै हुन्छ। बाहिर निस्केर कड्केर भन्यो, "हे दुष्ट मानव हो ! तिमीहरूलाई यसरी जङ्गलभित्रका जनावरहरूलाई बिनाकारण दुख दिँदै, अत्याचार गर्दै हिँड्न लाज लाग्दैन ? के मानव धर्म यही हो ?"

"हामीहरूको धर्म हाम्रो सुरक्षा हो।" एक जना सिकारीले अघि सरेर भन्यो। "जनावरहरूको कुरामा हामी विश्वास गर्दैनौँ। जनावर जनावर नै हुन्छ मान्छे मान्छे नै।" सिकारीहरू कुर्लिए।




एक जनाले निकै दया गरे जस्तो गरी भन्यो, “ठिक छ, तिमी मर्न चाहँदैनौ भने तिमीलाई मार्दैनौँ तर तिमीले यो ठाउँ छोडेर अन्त जानैपर्छ ।”

यस्तो कुरा बुढो सिंहलाई किन मन पर्थ्यो र ? उसले भन्यो, “म धेरै वर्षदेखि यही ओडारमा बस्दै छु । अब म कमजोर भइसकेँ । यसरी मर्ने बेलामा म डुल्दै हिँड्न सक्दिनँ । तिमीहरू जेसुकै गर, म यो ठाउँ छोड्दिनँ । ममाथि निर्ममता देखाएर तिमीहरूको भलो हुने छैन, याद गर ।” यति भनेर बुढो सिंह ओडारभित्रै पस्यो ।



अँध्यारो भइसकेको थियो । सिकारीहरूलाई बाहिर खासखुस सल्लाह गर्न लागे । एक जनाले भन्यो, "होइन यो रुख वरिपरि आगो सल्काइदिऊँ । अनि त्यो सिंह मन लागे हिंड्छ, नत्र त्यहीं मर्छ ।" त्यस कुरामा सबै सहममत भए । अनि सबै मिलेर सुकेका दाउरा, स्याउला बटुलेर रुखको वरिपरि थुपारे र आगो सल्काई त्यहाँबाट हिंडे ।

आगो दनदन बल्न थाल्यो । जङ्गलै डढेलो लागे जस्तो देखिन थाल्यो । त्यही बेला त्यहाँ ठुलो आँधी आयो । आकाशलाई छोपेको कालो बादलबाट मुसलधारे पानी वर्षन थाल्यो । रातभरि लगातार पानी परि नै रह्यो । त्यो बुढो सिंह कहाँ गयो, के भयो कसैलाई थाहा भएन ।



भोलिपल्ट बिहान सबेरै त्यो गाउँमा ठुलो हाकाकार हुन थाल्यो । राती नै गाउँमा ठुलो पहिरो गएछ। गाउँको एउटा ठुलो जमिनको भाग नै तल खोलामा गएर मिसिएछ। सिकारीहरू पनि सबै पुरिएछन्। मान्छेहरू यो दैवी प्रकोपको मारमा परेर अत्यन्तै डराए। गाउँलेहरूले आफ्ना भुललाई स्विकार्दै सिंहलाई वनदेवताका रूपमा आराधना गरी पूजा गर्न थाले। अब उप्रान्त त्यस्ता कुकर्म नगर्ने वाचा गरे ।